**दोस्रो नगरसभाको पहिलो अधिवेशनका सम्मानित अध्यक्ष महोदय,**
**सम्मानित सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

लमही नगरपालिकाको सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्न पाउदा म अत्यन्त गौरवान्वित महशुष गरेको छु। सर्वप्रथम देश र जनताको निमित्त आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको लागी अग्रपंक्तिमा रहि मार्गचित्र कोर्न संघर्ष गर्ने सम्पूर्ण नेपाली नागरिक, सहिद परिवार, वेपत्ता नागरिक, घाइते योद्धा र अग्रजहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. संविधानले निर्देश गरेको मार्गदर्शनमा रहि शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगार तथा गरिबीको रेखामुनि रहेका र विभेदमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धि पथको आकाङ्क्षा सम्बोधन गरि आगामी बजेट केन्द्रित गरेको छु ।

२. कोभिड-१९ को पटक पटकको संक्रमणमा सिङ्गो राष्ट्र संगै हाम्रो नगरपालिका पनि अछुतो रहन सकेन । जसले गर्दा विगतमा अनुमान गरेभन्दा कठिन परिस्थितिको कारण स्वास्थ्य, शिक्षा, कृषि, व्यापार, व्यवसाय लगायत समग्र क्षेत्रमा अपेक्षा अनूरुप प्रगति गर्न समस्या भएतापनि कठिन परिस्थितिमा अग्रपंक्तिमा रहि अनवरत रुपमा खटिनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक, विभिन्न संघ सस्थाहरु, पत्रकार लगायत राष्ट्रसेवक

कर्मचारीहरु साथै सम्पूर्ण आदरणीय नगरबासी सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. नेपाली जनताको चाहना, आकाङ्क्षा र लामो संघर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक ब्यवस्था र प्रणालीलाई आत्मसाथ गर्दै, समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय अभियानलाई सार्थकता दिदै यस लमही नगरपालिकालाई पनि समृद्ध बनाउदै **नमूना नगरपालिका** बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयासरत छौं । यस अभियानमा सम्पूर्ण क्षेत्रबाट रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, निर्वाचन आयोग, राजनितिक दल र राष्ट्रसेवक कर्मचारी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

५. हामी निर्वाचित भएर **नमूना नगरपालिका** बनाउने अभियानका साथ जनताको सुख, दुखमा हातेमालो गर्दै यस लमही नगरपालिकामा आएको २ महिना मात्र हुदै छ । अघिल्लो कार्यकालमा यस लमही नगरपालिकामा धेरै राम्रा अनि महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् र केही सम्पन्न हुने प्रकृयामा रहेका छन् । यस नगर क्षेत्रका नगरवासीहरुको साथ, सहभागिता र सहयोगले हामी अत्यन्त उत्साहित भएका छौं । यो सरकार लमही नगरपालिकाको आशा, अनि विस्वासको केन्द्रविन्दु भएको महशुस गरि नगरवासीहरुले

पाउने सेवा, सुविधा र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र पारदर्शी बनाउन हामी हरपल प्रयत्नरत रहनेछौं । हामीले सवै नगरबासीहरुको साथ, सहयोग अनि मार्गदर्शनको सदैव अपेक्षा गरिरहनेछौं ।

६. बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, आर्थिक विधेयक, निवर्तमान नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु साथै विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवि, नागरिक समाज, व्यवसायी, विषयगत कार्यालयबाट प्राप्त सुझावहरुलाई यथासम्भव मार्गदर्शनको रुपमा लिएको छु ।

**अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

७. अव म लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि तथा कार्यान्वयन अवस्थाको छोटो समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

८. चालु आर्थिक वर्षमा यस लमही नगरपालिकाको लागी संघीय सरकारको समानीकरण अनुदान तर्फ १५ करोड ११ लाख, संघिय सरकार राजश्व बाँडफाँड रकम रु. ११ करोड १५ लाख ६७ हजार, संघिय सशर्त अनुदान रकम रु. २८ करोड ८० लाख, संघिय बिशेष अनुदान रु. ८३ लाख, प्रदेश वित्तीय समानिकरण

अनुदान रु. ७१ लाख ५७ हजार. प्रदेश सवारी साधन कर बाँडफाँड अनुदान रु. २ करोड ६९ लाख ९१ हजार ५ सय ७८, प्रदेश सरकार रोयल्टी रु. ४० हजार २९, प्रदेश शसर्त अनुदान रु. १ करोड १५ लाख ४४ हजार, प्रदेश सरकार विशेष अनुदान रु. ७० लाख, प्रदेश सरकार समपुरक अनुदान रु. २ करोड. आन्तरिक आय तर्फ ३४ करोड ४३ लाख ५० हजार. लमही अस्पतालको आन्तरिक आय रु. २ करोड ८१ लाख ८९ हजार र बैंक मौज्दात रु. १४ करोड ८९ लाख ९० हजार ४ सय २२ गरि जम्मा रु. १ अर्ब १२ करोड ५० लाख रुपैंया कुल बजेट विनियोजन गरेका थियौं । चालु आर्थिक वर्षमा धेरै कार्यक्रमहरु सम्पन्न भईसकेका छन् भने बाँकी कार्यक्रमहरु सम्पन्न हुने प्रकृयामा रहेका छन् ।

९. चालु आर्थिक वर्षको विनियोजित बजेट मध्ये हालसम्म चालु तर्फ ५१.७८ % र पुँजिगत तर्फ ३३.०४ % गरि जम्मा ४३.५८ % वित्तिय प्रगति भएको छ भने चालु आर्थिक वर्षमा जम्मा वितिय प्रगति ८०% हुने प्रारम्भिक अनुमान गरिएको छ ।

१०. कोभिड-१९ को पुनरावृत्ति र २०७८ कार्तिक महिनामा आएको बेमौसमी वर्षाले धान लगायत कृषि बाली र पूर्वाधारको क्षेत्रमा पुऱ्याएको क्षतिका कारण चालु आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चुनौती देखिएको छ । यसका वावजुद लमही नगरपालिकाले कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागी खोप अभियान एवं राहत कार्यक्रम सफलतापूर्वक गरिरहेको कारण सामाजिक जीवन सहज र सामान्य अवस्थामा फर्केको छ, धान लगायत कृषि बालीमा पुर्याएको क्षतिको लागी राहत वितरण कार्य सञ्चालन भईरहेको छ । भने अन्य विकास निर्माणका कार्यहरु द्रुत गतिमा सञ्चालन भईरहेका छन् ।

११. पूर्वाधार विकास : **"नगरको प्रतिष्ठा र समृद्धिको आधार : दर्शनीय र स्मरणीय पूर्वाधार "** भन्ने मुल नाराका साथ गत आर्थिक वर्ष देखि सञ्चालन गरिएको यस अभियानलाई आगामी आर्थिक वर्षमा पनि निरन्तर गर्दै पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. विगत २ आर्थिक वर्षको प्रगति विवरण, चालु आर्थिक वर्षको यथार्त विवरण र आगामी २ आर्थिक वर्षको अनुमानित प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचनाको लागि खाका तयार भईसकेको छ र आगामी आर्थिक वर्षबाट निरन्तर त्यसको प्रयोग गर्ने गरि तयारी अन्तिम चरणमा रहेको छ ।

१३. आ व २०७७/७८ मा लमही नगरपालिका का ९ वटै वडाहरुबाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत टिनको छाना लगाउनको लागि माग भए बमोजिम १४७ जना लाभग्राहीहरुलाई प्रथम किस्ता वापतको ३० हजार प्रदान गरिसकिएको र प्राविधिक प्रतिवेदनको आधारमा दोस्रो किस्ता वापतको २० हजार भुक्तानी गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । नयाँ लाभग्राहीहरुलाई यहि असार मसान्त भित्र क्रमश प्रथम किस्ता वापतको ३० हजार भुक्तानी दिईनेछ ।यो कार्यक्रम आगामी आर्थिक वर्षमा पनि निरन्तर गरिनेछ।

**अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

१४. अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट स्रोत प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र. स. | श्रोत समूह | श्रोत | अनुमानित आय रु. |
|---|---|---|---|
| १ | संघिय सरकार | समानिकरकण | १५ करोड ९० लाख |
| २ | संघिय सरकार राजश्वबाँडफाँड | राजश्वबाँडफाँड | १३ करोड ५१ लाख ५० हजार |
| ३ | संघिय सरकार समपूरक अनुदान | | २ करोड |
| ४ | संघिय सरकार विशेष अनुदान | | ३ करोड |
| ५ | संघिय सरकार शसर्त अनुदान | | ३८ करोड ५ लाख |
| ६ | प्रदेश सरकार समानिकरण | समानिकरण | ८९ लाख २३ हजार |
| ७ | प्रदेश सरकार सवारी साधन राजश्व बाँडफाँड | सवारी साधन राजश्व बाँडफाँड | २ करोड ८६ लाख ७७ हजार |
| ८ | प्रदेश सरकार शसर्त अनुदान | | १३ करोड |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | | १ करोड ९९ लाख ९८ हजार |
| १० | प्रदेश सरकार विशेष अनुदान | | ७० लाख |
| ११ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३३ करोड ८० लाख |
| १२ | बैंक मौज्दात | आन्तरिक श्रोत | २५ करोड ७८ लाख २५ हजार ९ सय ६८ |
| १३ | प्रदेश सरकार | रोयल्टी | ४४ हजार ३२ |

| | | |
|---|---|---|
| | **जम्मा रकम रु.** | **१अर्ब ३९ करोड ८१ लाख १८ हजार** |

माथिका सबै शिर्षकबाट प्राप्त हुने रकम अनुमान गरि आगामी आर्थिक वर्षको बजेट सीमा रु. १ अर्ब ३९ करोड ८१ लाख १८ हजार कायम भएकोमा चालुतर्फ रु. ७७ करोड ८१ लाख ७२ हजार, पुँजिगत तर्फ ६१ करोड ९९ लाख ४६ हजार बजेट बिनियोजन गरिएको छ ।

बजेट स्रोत सिमाभित्र रहि लमही नगरपालिकाका शाखागत र वडागत रुपमा कायम भएको बजेट सिलिङ निम्नानुसार रहेको जानकारी दिन चाहन्छु ।

| **क्र.स.** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| १ | शिक्षा तथा खेलकुद शाखा | **५ करोड ९३ लाख** |
| २ | स्वास्थ्य शाखा | **२ करोड ८० लाख** |
| ३ | कृषि विकास शाखा | **२ करोड** |
| ४ | पूर्वाधार विकास शाखा | **२३ करोड ७६ लाख** |
| ५ | लमही अस्पताल | **३ करोड ७० लाख** |
| ६ | पर्यटन प्रबर्द्धन तर्फ | **१ करोड** |
| ७ | वडा कार्यालयहरूको लागि | **९ करोड ९० लाख** |
| ८ | वातावरण सरसफाइ तथा विपद ब्यवस्थापन शाखा | **१ करोड** |
| ९ | पशु सेवा शाखा | **२ करोड** |
| १० | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | **२ करोड** |
| ११ | सामाजिक सुरक्षा शाखा | **५ लाख** |
| १२ | **Grader,Roller, Water Tanker** खरिद | **१ करोड ७५ लाख** |
| १३ | समपुरक कोष | **७ करोड** |
| १४ | विपद ब्यवस्थापन कोष | **१ करोड ५० लाख** |

| | | |
|---|---|---|
| १५ | उद्योग तथा सहकारी | ३० लाख |
| १६ | प्रशासनिक खर्च | २५ करोड २० लाख |
| १७ | राजश्व शाखा | ५ लाख |
| १८ | आर्थिक प्रशासन शाखा | २० लाख |
| १९ | जनता संग मेयर कार्यक्रम | १ करोड |
| २० | जनता संग उपमेयर कार्यक्रम | ५० लाख |
| २१ | न्यायिक समिति | ३० लाख |
| २२ | योजना शाखा | २० लाख |
| २३ | सूचना प्रविधिशाखा | ५० लाख |
| २४ | रोजगार सेवा केन्द्र शाखा | २ लाख २० हजार |
| २५ | नागरिक आरोग्य केन्द्र | ३० लाख |
| **कुल जम्मा रकम रू.** | | **९२ करोड ७६ लाख २० हजार** |

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

हाल हाम्रो सामु धेरै आवश्यकता अनि ति आवश्यकता पुरा गर्न उत्तिकै चुनौतीहरु रहेका छन् । सिमित स्रोत र साधनको उच्चतम सदुपयोग गरि हाम्रा प्राथमिकता योग्य कार्यक्रमहरु गर्नु हाम्रो कर्तव्य पनि हो ।

**अब म आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

समृद्ध नेपाल सुखि नेपाली भन्ने राष्ट्रिय अभियानलाई पुर्णरुप दिनका लागी लमही नगरपालिकालाई नमूना नगरपालिका बनाउने उद्देश्य लिएर प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) स्थानीय स्तरमा उपलब्ध साधन स्रोत, श्रम शक्ति, पुँजी, प्रविधिको एकिकृत परिचालन गरि रोजगारी सिर्जना गर्दै समग्र नरपालिकाको विकासमा जोड दिने ।

ख) आर्थिक र सामाजिक रुपान्तरण मार्फत समावेशी, पारदर्शी र आत्मनिर्भर उन्मुख कार्यक्रम सञ्चालन गर्ने ।

ग) बैदेशिक रोजगारबाट फर्केकाहरुलाई कृषिमा अग्रसर हुने खालका कार्यक्रम सञ्चालन गर्ने।

घ) भौतिक पूर्वाधारले पूर्ण नगरपालिका बनाई लमही नगरपालिकाका जनताहरुलाई विकासको अनुभुति दिलाउने ।

ङ) अनुशासित, प्रभावकारी र व्यवसायिक शिक्षा प्रदान गर्ने ।

**आर्थिक वर्ष २०७९/०८० को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

क) स्थानीय सरकार सञ्चालन सम्बन्धि आवश्यक कानून निर्माण गर्ने।

ख) लमही नगरपालिकाको विकासको लागी आवश्यक मार्गचित्र बनाउने।

ग) कृषि क्षेत्रको रुपान्तरण गरि युवा तथा महिलालाई कृषिमा आकर्षित बनाउने ।

घ) पूर्वाधार निर्माण र पुँजी निर्माणमा जोड दिदै लमही नगरपालिकाका पर्यटकिय क्षेत्रको पुनरुत्थानमा जोड दिने ।

ङ) वातावरण संरक्षण गर्दै विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनिकरणमा जोड दिने ।

च) नगरपालिका क्षेत्र भित्रका निजी र सहकारी क्षेत्रसंग सहकार्य गर्दै नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास गर्ने ।

छ) सार्वजनिक सेवालाई प्रभावकारी, पारदर्शि र सुशासनयुक्त बनाउने ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य विषयगत क्षेत्र अन्तर्गतका कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक विकास अन्तर्गत**

१. विद्यालयको शिक्षालाई अनुशासित मर्यादित र प्रभावकारी बनाउनका लागी नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु विद्युतिय हाजिरी मैत्री बनाई शौक्षिक सुशासन कायम गर्न व्यवस्था मिलाईएको छ ।

२. शैक्षिक गुणस्तर सुधार कार्यक्रम, उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम, सामुदायिक विद्यालयहरुको सामान्य भौतिक मर्मत सुधार गर्ने कार्यक्रम, सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्नका लागि प्राविधिक शिक्षा, अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता विविध कार्यक्रम मार्फत लमही नगरपालिकाको समग्र शैक्षिक प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनको लागि शिक्षा तथा खेलकुद कार्यक्रमका लागि ५ करोड ९३ लाख विनियोजन गरेको छु ।

३. स्वास्थ्य सेवा मार्फत नगरवासीहरुलाई आधारभूत स्वच्छताको प्रत्याभूति गराउनको लागी विभिन्न स्थानमा नगरस्वास्थ्य केन्द्र भवन निर्माण गरिदै छ । सर्पदंश केन्द्रको भवन निर्माण सम्पन्न भई आवश्यक सामाग्रीहरु खरिदको लागी रकम छुट्याईएको छ । वडा

नं. १ मा वर्थिङ सेन्टर निर्माण भईसकेको र वडा नं. ५ र ७ मा निर्माण कार्य भईरहेको छ।

४. शंकास्पद क्षयरोगीहरुको खोज पड्ताल र ७२ स्थानमा खकार जाँच गर्ने व्यवस्था मिलाईएको छ भने सिकलसेल एनिमियाका बिरामीलाई प्रति बिरामी मासिक रु. ५००।- उपचार खर्च सहयोग गर्ने गरि स्वास्थ्य शाखामा २ करोड ८० लाख रुपैंया विनियोजन गरेको छु।

५. सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाउदै पोषणयुक्त खाना खाने बानीको विकास गर्न सुत्केरी आमाहरुलाई पोषण सामाग्री हस्तान्तरण कार्यक्रम, आयुर्वेद स्वास्थ्य शिविर संचालन र जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम तथा आयुर्वेदिक उपचार पद्धतिबाट स्वास्थ्य लाभ लिन ईच्छुक नगरवासीका लागी विभिन्न आयुर्वेदिक औषधिहरु निः शुल्क वितरण गर्ने गरि नागरिक आरोग्य केन्द्रमा ३० लाख विनियोजन गरेको छु ।

६. महिलाहरुको लागि सिलाई कटाई तालिम, प्रविधि हस्तान्तरण सहितको सिप विकास तालिम, घरेलु हिंसा सम्बन्धि कार्यक्रमको लागि केही रकम विनियोजन गरेको छु ।

७. अपाङ्गता पहिचान गरि सहायता सामाग्री वितरण,जेष्ठ नागरिकको लागि दिवा सेवा केन्द्र भवन निर्माण, असहाय बालबालिकाका लागि सहयोग कार्यक्रम र युवाहरुको लागि लोकसेवा तयारी कक्षा सञ्चालन का लागि महिला तथा बालबालिका शाखामा २ करोड विनियोजन गरेको छु ।

**आर्थिक विकास अन्तर्गत :**

१. ५० प्रतिशत अनुदानमा बगर खेतिका लागि तरकारीको बीउ, प्याजको बीउ, धान, गहुँ, तोरी, मसुरो, च्याउ तथा वर्षे फलफुलको बेर्ना वितरण कार्यक्रम, ५० प्रतिशत अनुदानमा विभिन्न कृषि औजार तथा उपकरण वितरण कार्यक्रम आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिदै किसानहरुलाई धान गहुँको बीउ र रासायनिक मल समयमा नै उपलब्ध गर्ने व्यवस्था मिलाउदै कृषि विकास उपशाखामा २ करोड विनियोजन गरेको छु ।

२. वडा नं. ८ र ९ मा संचालनमा रहेको बाख्रा पकेटका लागि खोर व्यवस्थान, बाझोपन तथा पशु स्वास्थ्य शिविर सञ्चालन, बंगुरपालक कृषकका लागि ५० प्रतिशत अनुदानमा खोर निर्माण, बाख्रा फर्म निर्माणका लागि ५० प्रतिशत अनुदान, गाई भैंसी फर्म निर्माणका लागि ५० प्रतिशत अनुदान, तथा पशु पालनलाई आयआर्जनमूलक र व्यवसाय उन्मुख बनाउनको लागि पशु विकास शाखामा २ करोड विनियोजन गरेको छु ।

३. सहकारी संस्था सम्बन्धि स्थानीय नीति, कानून र मापदण्ड निर्माण गर्ने, प्रत्येक सहकारी संस्थाको कम्तिमा एक पटक अनुगमन गर्ने, सहकारी नेत्तृत्व तथा व्यवस्थापन विकास कार्यशाला र विभिन्न तालिमहरुको लागि सहकारी शाखामा रकम विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

**पूर्वाधार विकास अन्तर्गत :**

४. जैविक विविधता पार्क लमहीमा बोटानिकल पार्क निर्माणका लागि १० लाख विनियोजन गरेको छु ।

५. दिशाजन्य लेदो व्यवस्थापन परियोजना कार्यक्रमका लागि १ करोड २० लाख विनियोजन गरेको छु ।

६. फोहोर व्यवस्थापनका गाडीहरुमा जि पि एस जडान का लागि २० लाख विनियोजन गरेको छु ।

७. विपद् व्यवस्थापन कोषमा १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

८. मध्यमकालिन खर्च संरचना, व्यवसाय दर्ता तथा नविकरण शिविर कार्यक्रम, टोल विकास संस्थाको अडिटको लागि पनि केहि रकम विनियोजन गरेको छु ।

९. वडा नं. ३, ६, ७ र ९ को कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

१०. नगरस्तरीय गौरवका आयोजना अन्तर्गत नेपाल शहरी विकास मन्त्रालय र विश्व बैंक बिच ऋण सम्झौता भए बमोजिम ३ वर्षिय योजना सम्पन्न गर्नका लागि २२ करोड ५६ लाख ६८ हजार ११० रुपैंया अनुदान पाएको र उक्त आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछ ।

११. सुन्डबरी देखि सितलापुर सडक स्तरोन्नतिका लागि १ करोड रुपैंया विनियोजन गरिएको छ ।

१२. उचानिम्बु सडक कालोपत्रेको लागी ५० लाख, बड्का महरुवा देखि छुट्की महरुवा सम्म कालोपत्रे वडा न ६ मा १ करोड, कान्तिपुर सडक कालोपत्रे वडा नं. ३ मा ५० लाख, भौका देखि बिच्कागाउँको पुरानो खल्यान सम्म सडक कालोपत्रे वडा नं. ९० लाख, नर्ति हाइवे छोटेलाल देखि खेलमैदान सम्म सडक कालोपत्रे वडा नं. १ मा १ करोड, आदर्श टोल, स्वर्गद्वारी टोल,आनन्दनगर टोलमा सडक कालोपत्रे वडा नं. ५ मा १ करोड विनियोजन विनियोजन गरेको छु ।

१३. मेयर र उपमेयरलाई जनतासंग नजिक बनाउने उद्येश्यले जनतासँग मेयर कार्यक्रम अन्तर्गत १ करोड र जनतासँग उपमेयर कार्यक्रमका लागि ५० लाख रुपैंया विनियोजन गरिएको छ ।

१४. योजना तथा कार्यक्रम सञ्चालनका लागि लमही नगरपालिकाका ९ वटै वडाहरु मध्ये प्रत्येक वडाहरुमा १ करोड १० लाख हुने गरि कुल ९ करोड ९० लाख विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

मैले प्रस्ततु गरेको आर्थिक वर्थ २०७९/८० को बजेटको कार्यान्वयनबाट उच्च आर्थिक बृद्धि हासिल हुने, कृषि क्षेत्रको रुपान्तरणको आधार निर्माण हुने, महिलाहरु आत्मनिर्भर भई आर्थिक

रुपमा सक्षम हुने, आधारभूत पूर्वाधार निर्माण हुने, स्वास्थ्य, शिक्षा, रोजगारीमा उल्लेख्य सफलता प्राप्त भई न्यायपूर्ण समाजको निर्माण हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, लमही नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयनबाट नगरपालिका सुन्दर, समृद्ध, र आत्मनिर्भर बन्नेछ भन्ने विश्वास सहित आगामी आर्थिक वर्ष २०७९/८० को बजेट निर्माण तथा कार्यान्वयनमा सुझाव, सल्लाह र सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

।।